# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलंगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

आ.व.२०७७।०७८ को लागि आन्तरिक आय तर्फको दरभाउपत्र आह्वानको सूचना

चौथो पटक प्रकाशित मिति: २०७७।१२।२०

स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्राराम्भिक बातावरणीय परिक्षण गरिएका देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी कर्णाली सरकार आर्थिक विधेयक २०७७ को दफा ९ को उपदफा १ अनुसारका अनुसूची ४ मा उल्लेखित तथा कार्यपालिकाको मिति २०७७।११।०९ गतेको निर्णय अनुसार प्रति ईकाइ दररेटमा विक्री गर्ने गरी वढावढको माध्यमबाट दरभाउ दरभाउपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

दरभाउपत्र फाराम दस्तुर प्रत्येक ठेक्का को लागि रु.१०००।

देहाय :

| सूचना ठेक्का नं | ठेक्काको नाम | स्विकृत घाटको क्षेत्र | अधिकतम उत्खनन तथा विक्री परिणाम | न्यूतम ठेक्का अंक रु. (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| Bheri/SQ1/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | रिम्ना नाका | ४२०० घ.मि. | ४२००००(चार लाख बिस हजार मात्र) |
| Bheri/SQ2/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | कालेगाँउ नाका | ८००० घ.मि. | ८०००००(आठ लाख मात्र) |
| Bheri/SQ3/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | पासागाड खोला नाका | ३२०० घ.मि. | ३२००००(तिन लाख बिस हजार मात्र) |
| Bheri/SQ4/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | लामितरा नाका | ३२०० घ.मि. | ३२००००(तिन लाख बिस हजार मात्र) |
| Bheri/SQ5/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | बरेला खोला नाका | ८०० घ.मि. | ८००००(असी हजार मात्र) |
| Bheri/SQ6/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | राक्से नाका | १६०० घ.मि. | १६००००(एक लाख साठी हजार मात्र) |
| Bheri/SQ7/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | झिम्लिचौर/बडावालुवा नाका | ६४०० घ.मि. | ६४००००(छ लाख चालीस हजार मात्र) |
| Bheri/SQ8/2 077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( | खिड खोला नाका | ६४०० घ.मि. | ६४००००(छ लाख चालीस हजार मात्र) |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# भेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खलंगा, जाजरकोट**

**कर्णाली प्रदेश, नेपाल**

| | | | | |
|---|---|---|---|---|
| | खानी क्षेत्र बाहेक) | | | |
| Bheri/SQ9/2077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | बुग्रे खोला नाका | १६०० घ.मि. | १६००००(एक लाख साठी हजार मात्र) |
| Bheri/SQ10/2077/078 | ढुंगा,गिट्टी,बालुवा,रोडा तथा नदीजन्य पदार्थको उत्खनन,विक्री तथा निकासी शुल्क संकलन ( खानी क्षेत्र बाहेक) | खोदा खोला नाका | ३२०० घ.मि. | ३२००००(तिन लाख बिस हजार मात्र) |

**शर्तहरु :**

१. उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व.२०७७।०७८को आषाढ मसान्त सम्मको लागि हुनेछ ।

२. खुल्ला दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७७।१२।२६ सम्म कार्यालय समय भित्र ।

३. खुल्ला दरभाउपत्र दर्ता मिति र स्थान २०७७।१२।२७ दिनको १२:०० बजे सम्म कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

४. खुल्ला दरभाउपत्र खोल्ने मिति २०७७।१२।२७ दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर खुला दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी दरभाउपत्र खोल्नमा बाधा पर्नेछैन ।

५. खुल्ला दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिनेछ ।

६. खुल्ला दरभाउपत्र साथ जमानत धरौटी (विडवन्ड) वापत आफुले कबोल गरेको अंकको २.५ प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ९० दिन समय म्याद भएको नेपाल बैक लिमिटेडमा भेरी नगरपालिका कार्यालयको नाममा जारी भएको धरौटी खाता नं ०७५०३०००००३००००००००३ बमोजिमको बैंकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल विडवण्ड बुझाउनुपर्नेछ ।

७. खुल्ला दरभाउपत्रमा BoQ भर्दा कवोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको हुनुपर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८. खरिद गरेको खुल्ला दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरभाउपत्रदाताको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी लाहाछाप लगाई,खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,ठेक्का नं.,प्रोप्राईटरको नाम,ठेगाना,फोन नं.,मोवाईल नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।

९. एक फर्मको नाम बाट खरिद गरिएको खुल्ला दरभाउपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन ।

१०. कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कलै खुल्ला दरभाउपत्र वाहेक अन्य खुल्ला दरभाउपत्र लाई मान्यता दिईने छैन ।

११. खुल्ला दरभाउपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । कुनै वा सवै खुल्ला दरभाउपत्र,पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. खुल्ला दरभाउपत्र दाताले राष्ट्रियस्तरको खुल्ला दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

१३. खुल्ला दरभाउपत्र दर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र दरभाउपत्र फारमका ठेक्का शर्तहरु सम्वन्धमा राम्रो सँग पढी बुझी खुल्ला दरभाउपत्र भरेको मानिनेछ ।

१४. खुल्ला दरभाउपत्र कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात दरभाउपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

१५. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको खुल्ला दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलंगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

१६. खुल्ला दरभाउपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कार्यविधि बमोजिम हुनेछ ।

१७. खुल्ला दरभाउपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त (परफरमेन्स बण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०७८ साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३% भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।

१८. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ ।

२०७७।१२।२०

(दल बहादुर घर्ती)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सुचना तथा प्रविधि शाखा,
यो सुचना वइभ साइटमा अपलोड गरीदिनु हुन ।

Scanned with CamScanner